SAMRIDHA SAMAJ NATIONAL DAILY
समृद्ध समाज
www.samridhasamaj.com.np
दैनिक



समाज

# भूकम्पपीडित ८ परिवारलाई लालपुर्जा

Facebook Twitter More 1

समाज 42 पटक पढिएको बिवश अधिकारी

मनहरी, १६ साउनः मकवानपुरको राक्सिराङ गाउँपालिकाका भूकम्प प्रभावित ८ परिवारले मंगलबार आफ्नै नाममा संयुक्त जग्गाधनी ललापुर्जा पाएका छन् । राक्सिराङ गाउँपालिकाको वडा नम्बर–४ पन्जनीका ४ जना र वडा नम्बर ७ का ४ भूकम्प प्रभावित जोखिम परिवारहरुलाई सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नका लागि मंगलबार लालपुर्जा प्रदान गरिएको हो ।



२०७२ सालको भूकम्पका कारण भौगोलिक रुपमा जोखिमयुक्त बस्ती स्थानान्तरण गर्नुपर्ने भनी भूकम्प पुनर्निर्माण प्राधिकरणले निर्धारण गरेको मकवानपुरका १४ परिवार मध्ये १० जनाले जग्गा खरिद गरेकोमा मंगलबार ८ परिवारलाई जग्गाधनी लालपुर्जा प्रदान गरिएको हो । १४ मध्ये राक्सिराङ गाउँपालिका–४ पन्जनीका ४ परिवार र वडा नम्बर ७ का ४ गरी ८ परिवारलाई मंगलबार जग्गाधनी लालपुर्जा प्रदान गरिएको हो । राक्सिराङ गाउँपालिका र जिल्ला आयोजना कार्यान्वयन इकाई मकवानपुरको आयोजना तथा दिगो समाधान परियोजनाको सहजीकरणमा मंगलबार उनीहरुलाई जग्गाधनी लालपुर्जा प्रदान गरिएको छ । ८ परिवार मध्ये ४ परिवारलाई राक्सिराङको चैनपुर र ४ परिवारलाई मनहरीको सुनाचुरीमा जग्गा खरिद गरेर लालपुर्जा प्रदान गरिएको छ । उनिहरुलाई १०÷१० धुरका दरले जग्गा वितरण गरिएको हो । भौगोलिक रुपमा जोखिमयुक्त बस्ती स्थानान्तरण भएका उनीहरुलाई सरकारले उपलब्ध गराएको २ लाख रुपैयाँ र नपुग उनीहरु आफैंले जम्मा गरेर १०÷१० धुरका दरले जग्गा खरिद गरिएको हो । भूकम्प प्रभावित बस्ती स्थानान्तरण गर्नुपर्ने मध्ये मंगलबार राक्सिराङ गाउँपालिका–७ काँकडाका राममाया प्रजा÷आकाश प्रजा, साईला प्रजा÷साईली प्रजा, अरुण प्रजा÷निरमाया प्रजा, किरण बहादुर प्रजा÷ललमाया प्रजालाई मनहरीको सुनाचुरीमा जग्गा खरिद गरी संयुक्त लालपुर्जा प्रदान गरिएको हो । त्यस्तै राक्सिराङ्–४ पजनीका अमर बहादुर मुक्तान, कुवेर मुक्तान÷विष्णुमाया थिङ, हरिराम प्रजा÷ठुलीमाया प्रजालाई मनहरीको चैनपुरमा संयुक्त लालपुर्जा प्रदान गरिएको छ ।

लालपुर्जा लिँदै राक्सिराङ–७ काँकडाका लाभग्राहि राममाया प्रजाले ढिला भए पनि सुरक्षित ठाउँमा जग्गा पाएकोमा खुसी व्यक्त गर्नुभयो । ‘ढिला भए पनि सुरक्षित ठाउँमा जग्गा पायौं, जोखिमममा बस्ने रहर छैन, अहिलेको ठाउँबाट अन्यत्र सरेर सुखी जिवन बिताउन पाउने भएका छौं’, उहाँले भन्नुभयो । त्यस्तै राक्सिराङ–४ पन्जनीका कुवेर मुक्तानले ढिलै भए पनि सुरक्षित स्थानमा सर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । ‘भूकम्पले सतायो, त्यसपछि पहिरोको जोखिममा थियौं, ढिलै भएपनि समाधान भयो, खुसी लागेको छ’, उहाँले भन्नुभयो । बस्ती जोखिममा रहेका अन्यको बारेमा समेत पहल गरिदिन उहाँले आग्रह गर्नुभयो । २०७२ साल भन्दा पहिले नै भूगर्वविद्ले बस्न योग्य छैन भनेपनि बस्ती सरेर रमनटारको जङ्गलमा बस्न गएको प्रजाले सुनाउनुभयो । जंगलमा बस्न नपाएर पुनः काँकडा नै फर्केको स्मरण गर्दै उहाँले ढिलै भएपनि सुरक्षित स्थानमा बस्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । पन्जनीकामा ६० घरधुरीहरु पहिरोको जोखिममा रहेको तथा ३७ परिवार मात्र भूकम्प प्रभावित लाभग्राहि सुचिमा नाम रहेको उहाँले बताउनुभयो ।

मकवानपुरमा भूकम्प प्रभावित जोखिम परिवारहरु १४ मध्ये ३ परिवारको जग्गा खरिद गर्न बाँकी रहेको तथा १ परिवारको अन्यत्र जग्गा भएको र घर समेत बनाइसकेको जिल्ला आयोजना कार्यान्वयन इकाई मकवानपुरका प्रमुख सोमराज तिमल्सिनाले जानकारी दिनुभयो । जोखिमपूर्ण स्थानमा रहेका मकवानपुरका १४ परिवार मध्ये राक्सिराङ–४ का टोकसानी मोक्तान, बकैया–११ ठिङ्गनका उजीरमान गोले र सुनमाया गोलेको जग्गा खरिद गर्न बाँकी रहेको तथा राक्सिराङ्–४ पन्जनीका सूर्य बहादुर मोक्तानले अन्यत्रै घर बनाइसकेको उहाँले जानकारी दिनुभयो । जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले २०७२ सालको भूकम्पका कारण जिल्लाका ३८ वटा बस्ती स्थानान्तरणका लागि केन्द्रीय भूकम्प पुनर्निर्माण प्राधिकरणमा सिफारिस गरेकोमा १४ परिवारमात्र जोखिममा रहेको उहाँले बताउनुभयो । त्यस्तै मकवानपुरमा ९७ परिवारले बस्ती स्थानान्तरणका लागि निवेदन दिएको उहाँले जानकारी दिनुभएको छ ।

मकवानपुरमा ३१ हजार ८ सय १७ भूकम्प प्रभावित लाभग्राहि रहेकोमा हाल गुनासो फछ्र्यौटबाट १ हजार ४ सय ४३ पुनः थप भएर ३३ हजार २ सय ६६ जना रहेका छन् । ३३ हजार २ सय ६६ लाभग्राही मध्ये हालसम्म २५ हजार २ सय ८६ जना अर्थात (७९ प्रतिशत) ले अनुदान सम्झौता गरेका छन् । जस मध्ये २४ हजार ३ सय ३० जना (९६ प्रतिशत) ले पहिलो किस्ताको रकम लिएका छन् भने ७ हजार ९ सय ४८ (२६ प्रतिशत) परिवारले मात्र तेस्रो किस्ता लिएका छन् । तेस्रो किस्ता भुक्तानीको लागि ८ हजार ९ सय ७७ जनाले निवेदन दिएको तिमल्सिनाले जानकारी दिनुभयो । त्यस्तै हाल सम्म मकवानपुरमा ७ हजार ८ सय ३५ जना भुकम्प प्रभावितले घर निमार्ण सम्पन्न गरेको उहाँले बताउनुभयो । भौगर्विक जोखिममा परेका १४ घर मध्ये १० वटा घरहरुको स्थानान्तरण गरिएकोमा मंगलबार ८ जना परिवारलाई संयुक्त जग्गाधनी लालपुर्जा प्रदान गरिएको इकाई प्रमुख तिम्लसिनाले जानकारी दिनुभयो ।

भूकम्प प्रभावित ८ परिवारलाई जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले संयुक्त जग्गाधनी लालपुर्जा प्रदान गर्नुभएको हो । जग्गाधनी पुर्जा वितरण गर्दै प्रमुख खुलालले जग्गा पाएकाहरुलाई बेलैमा घर बनाएर जोखिमबाट मुक्त हुन आग्रह गर्नुभयो । उहाँले अहिलेको भूकम्प पुनर्निर्माण प्राधिकरणको कानुन कार्यान्वयनमा समस्या रहेको भन्दै यसमा पनि सुधार हुनुपर्ने धारणा राख्नुभयो । भूकम्प प्रभावितको समस्याको समाधानका लागि जिल्ला समन्वय समितिले सधै पुलको काम गर्ने समेत बताउनुभयो । उहाँले भूकम्प प्रभावितलाई सरकारले किस्ताबन्दीमा भन्दा एक मुष्ठ ३ लाख रकम दिनुपर्ने धारणा राख्नुभयो । राक्सिराङ् गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष चन्द्र सिंह प्रजाको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका सदस्य सानुकान्छी स्याङ्तान, राक्सिराङ्–४ का वडा अध्यक्ष संजय कोईराला, भूमि अधिकार मञ्च मकवानपुरका अध्यक्षको सहभागिता रहेको थियो ।